गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश

**गण्डकी प्रदेश विकास समस्या समाधान समितिको दशौं बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा निर्णयार्थ प्रस्ताव गरिएका विषयहरुः**

१. सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानको हिस्सा बढाउने तथा सशर्त अनुदानतर्फ राष्ट्रिय लक्ष्य र प्राथमिकताको क्षेत्र निर्धारण गरी एकमुस्ट बजेट विनियोजन गरी आयोजना छनोट गर्ने अधिकार सम्बन्धित प्रदेश सरकार तथा स्थानीय सरकारलाई प्रदान गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने।

२. संविधान बमोजिम प्रदेशको अधिकार क्षेत्र अन्तर्गत पर्ने ट्राफिक जरिबाना र अन्तर प्रदेश रुट इजाजत बापतको सङ्कलन गरिएको रकम हाल सम्म सङ्घीय सञ्चित कोषमा दाखिला हुने गरेकोले सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था मिलाउने।

३. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा आयोजना तथा कार्यक्रमको वित्तिय प्रगतिको साथै भौतिक प्रगति समेत प्राप्त हुने व्यवस्था मिलाउँदै प्रदेश आयोजना बैंक र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीबीच कार्यात्मक अन्तरआबद्धता कायम गर्नका लागि सङ्घीय सरकार समक्ष अनुरोध गर्ने।

४. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बापतको रकम प्रभावित सबै स्थानीय तहमा समेत बाँडफाँट गर्ने व्यवस्था सहित एकीकृत कानुन निर्माण गर्नुपर्ने।

५. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ मा राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका आयोजना, एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्नेछ भन्ने व्यवस्था रहेकोमा नेपाल सरकारबाट स्वीकृत आयोजना वर्गीकरण आधार र मापदण्ड, २०८० का व्यवस्था उल्लिखित कानुनको मर्म अनुकूल नरहेकोले संशोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

६. सिँचाइ गुरुयोजना, २०१९ (अद्यावधिक, २०२४) मा सिँचाइको प्रदेशगत विवरण, खाका र लक्ष्य स्पष्ट व्यवस्था नभएको हुनाले प्रदेशगत गुरुयोजना समेत समावेश गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

७. नदी, खोलाको वैज्ञानिक मापदण्ड नहुँदा नदी नियन्त्रण सम्बन्धी कार्यक्रम कार्यान्वयनमा प्राविधिक जटिलता आएकाले कार्यक्षेत्र स्पष्ट गर्न एकीकृत मापदण्ड तर्जुमाको लागी सङ्घीय सरकार समक्ष अनुरोध गर्ने।

८. समपुरक अनुदान तर्फ विनियोजित बजेट रकमान्तर सम्बन्धी अधिकार सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई प्राप्त हुनुपर्ने साथै आयोजना सम्पन्न नहुन्जेल सङ्घीय सरकारबाट बजेटको व्यवस्था हुनुपर्ने।

९. यातायात व्यवस्था कार्यालय (नवलपरासी वर्दघाट सुस्तापुर्व) को कार्यक्षेत्र भित्रका कागजात हालसम्म यातायात व्यवस्था कार्यालय, बुटवल, रूपन्देहीमा रहेकाले कागजात हस्तान्तरणका गर्न सहजीकरणको लागी अनुरोध गर्ने।

१०. नेपाल सरकारको क्षेत्राधिकारमा रहेको अन्तर्राष्ट्रिय सिमसार क्षेत्र (रामसार सुचीमा सूचीकृत) प्रदेश सरकारका निकाय मार्फत व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थाको लागी सङ्घीय सरकार समक्ष अनुरोध गर्ने।

११. फेवाताल संरक्षण एवम् सौन्दर्यीकरण लगायतका विकास निर्माणका कार्यहरू नियमित रूपमा सञ्चालन गर्न फेवाताल संरक्षित जलाधार क्षेत्र व्यवस्थापन अधिकृत नियुक्तिको लागि नेपाल सरकारमा अनुरोध गर्ने।

१२. स्वास्थ्य बीमा कार्यक्रमले समावेश गरेका औषधिहरूको खरिद प्रक्रिया बहुवर्षीय रूपमा एकद्वार प्रणाली मार्फत हुने गरी कानुनी आधार तय गर्नुपर्ने।

१३. सरकारी जग्गा दर्ता उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ को दफा ५ मा कुनै व्यक्ति वा संस्थाले आफ्नो जग्गा स्थानीय तह तथा प्रदेश सरकारलाई निःशुल्क उपलब्ध गराउन चाहे सङ्घीय

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा

मन्त्रीस्तरीय निर्णय गर्नुपर्ने विद्यमान व्यवस्था संशोधन गरी प्रदेश सरकारको भूमि व्यवस्था हेर्ने मन्त्रालयको सिफारिसमा प्रदेश सरकारबाट निर्णय गर्ने व्यवस्था गर्नु पर्ने।

१४. जिल्ला समन्वय समितिको आम्दानी हाल सङ्घीय सञ्चित कोषमा जम्मा भइरहेको व्यवस्था संशोधन गरी जिल्ला सभाको कोषमा जम्मा हुने कानुनी व्यवस्था गर्नुपर्ने।

१५. विगतमा प्रदेश विकास समस्या समाधान समितिको निर्णय अनुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश भई हालसम्म कार्यान्वयन नभएका निर्णयहरू कार्यान्वयनको लागि पुन अनुरोध गर्ने।

अध्यक्ष

प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा